**वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे**

**बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण**

# कार्यक्रम सम्पन्न प्रतिवेदन

**कार्यक्रमको नामः** बालश्रम मुक्त वडा घोषणाका लागि अभिमुखिकरण तथा प्रतिबद्धता कार्यक्रम

**कार्यक्रम सञ्चालन भएको स्थानः** अन्नपूर्ण गाउँपालिकाको वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे

स्वीकृत बजेटः रु १४१४९०।-

खर्च बजेटः रुः १२१२२७.२४

**कार्यक्रमको संक्षिप्त परिचयः-**

नेपालको संविधानको धारा ३९ मा (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी, यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाईने व्यवस्था गरेको छ।साथै संबिधानले प्रत्यक बालबालिकालाई परिवार तथा राज्यवाट शिक्षा, स्वास्थ्य, पालन पोषण उचित स्याहार खेलकुद, मनोरञ्जन, तथा सर्वागीण व्यक्तित्व विकासका साथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ। प्रत्येक बालबालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेक बालबालिकालाई राज्यवाट विशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको संबैधानिक हकको व्यवस्था समेत गरेको छ।

बालश्रम (निषेध तथा नियमित गर्ने) एन २०५६ मा १८ वर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था छ। श्रम ऐन, २०७४ को दफा ५मा कसैले पनि बालबालिकालाई कानुन विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था छ। यसैगरी बालश्रम निवारण सम्वन्धी राष्ट्रिय गुरुयोजना (२०७५-०८५)ले वि.स. २०७९ सम्ममा निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा वि.स २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्वेश्य राखेको छ।

गाउँपालिकालाई सभ्य, शिक्षित, विकसित बनाउन, नेपालले बालअधिकार सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धताको कार्यान्वयनका लागि यस अन्नपूर्ण गाउँपालिकामा बालश्रमको अन्त्यका लागि निम्न कार्यहरु गर्न लागिएको छ।

कार्यक्रम सञ्चालन प्रक्रिया

**कार्यक्रमको उद्देश्य**

- अन्नपूर्ण गाउँपालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणाका गर्नु पुर्व गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरुमा पत्राचार गरि बालश्रममुक्त वडा घोषणाका लागि अभिमुखिकरण तथा प्रतिवद्धता कार्यक्रम सञ्चालन गर्ने।

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे

## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

- गाउँपालिकाका प्रत्येक वडामा रहेका आर्थिक रुपले बिपन्न बालश्रमको जोखिममा परेका बालबालिकाको लगत संकलन गरि विद्यालय जाने वातावरण मिलाईदिनको लागि शैक्षिक सामाग्री, (स्टेशनरी,झोला, पोशाक) बितरण गर्ने।
- भविश्यमा बालश्रम हुन नदिन स्थानीय सरकारका बिभिन्न निकाय वडा कार्यालय, सम्पूर्ण बिद्यालयहरु, सरोकारवाला निकाय,आमासमुह, यूवाक्लव, बालक्लव, नागरिक समाज सबैले आ-आफ्नो क्षेत्र बाट सहयोग गर्नु पर्ने ।
- बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरुवाट बालश्रम प्रयोग नगर्ने नगराउने र यदी कहिं कतै कसैले गरेको पाईएमा खबरदारी गर्ने।
- वडासमितिकापदाधिकारी अबिभावक,बुद्धीजीवी,शिक्षक,,बिद्यार्थि,आमासमुह,बालक्लव,होटेल,ब्यवसायी, युवाक्लव,विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, सबैले समुदायमा आधारित पूनरस्थापनाको कार्य समुदाय नै मिलेर अगाडि बढाउनेछौं भनी वडास्तरको प्रतिबद्धता पत्र वडाले गाउँपालिकालाई प्रदान गर्ने।
- बालश्रमको प्रयोग नगरौ।बालश्रम मुक्त गाउँपालिका निर्माण गर्ने अभियानमा सहयोग गरौ।बालबालिकालाई श्रममा संलग्न गराउनु कानुनी तथा सामालिक अपराध हो।भनि होडिङबोर्ड राखी प्रचार प्रसार गर्ने ।

### ३.उपलब्धिहरु

बालश्रम मुक्त वडा घोषणा कार्यक्रम संचालन गर्नको लागि सर्वेक्षण गरि सकेपछि आएका बिषयलाई ध्यानमा राखी वडा कार्यालयहरुसंग समन्वय गरी वडाहरुमा रहेका आर्थिक,सामाजिक हिसाबले बिपन्न परिवारका बालबालिकाहरुलाई लक्षित गरि उनीहरुका अभीभावक, सरोकारवाला निकाय, बिषयगत शाखा, प्रत्येक वडा कार्यालयका जनप्रतिनिधिहरु, भद्रभलाद्मी, शिक्षक,विद्यालयब्यवस्थापन समितिका अध्यक्ष ,होटेल,ब्यवसायी,टोलसुधार समितिका संयोजक,यूवाक्लव,आमासमुह,गैह्रसरकारीसंस्थाका प्रतिनिधिहरु,बालक्लवका प्रतिनिधिहरुलाई खबर गरि वडा कार्यालयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीएको समुदायबाट बालश्रमलाई सदाकालागि अन्त्य गर्नकोलागि समुदायको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरी बिपन्न बालबालिकाहरुलाई बिद्यालय शैक्षिक सामाग्री( स्टेशनरी,झोला बिद्यालय पोशाक बितरण गर्ने काम सम्पन्न गरियो ।यस कार्यक्रमले अन्नपूर्ण गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिका घोषणा गर्ने कार्यका लागि उल्लेख्य सहयोग पुर्याउनु रहेको छ।

**वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे**
**बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण**

**कार्यक्रम सञ्चालन प्रक्रिया**:

मिति २०८१-०७-०७गते वडानं ८ राम्चेमा र मिति २०८१-०७-०८ गतेका दिन वडा नं ७ हिस्तानमा वडा अध्यक्षको अध्यक्षता र गाउँपालिकाकी उपाअध्यक्ष श्री दिवाकुमारी तिलिजा पुनज्यूको प्रमुख अविभावकत्व र प्रशासकीय अधिकृत एवं बालकल्याण अधिकारी भगवती खड्का कटुवालको आतिथ्यता तगायत वडा समितिका पदाधिकारीहरु, सरोकारवाला निकाय, वडाका विषयगत शाखाका प्रमुख,बालक्लवका प्रमुख, यूवाक्लव, आमासमुह,बिद्यालयका प्रध्यानाध्यापक र सम्पूर्ण अविभावकहरुको सहभागितामा वडा नं ८ का कार्यपालिका सदस्य देवकुमारी खोरजा र वडा नं ७ की दलित महिला सदस्य सम्झना पौडेलको स्वागत मन्तब्य, रोगार संयोजकको सञ्चालनमा प्रमुख अविभावक दिवाकुमारी तिलिजा पुनले ब्यानर पढेर उद्घाटन गर्नुभएको थियो ।

**छलफलका बिषय वस्तुहरुः**

१ बालश्रम के हो.?

कुनै पनि बालबालिकालाई उसको स्वास्थ्य तथा शारीरिक, मानसिक, बौद्धिक, नैतिक र सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनिहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुन्ठित हुने गरी काममा लगाउनु नै बालश्रम हो ।

२)के बालबालिकाले गर्ने सबै कामहरु बाल श्रम हुन् त ?

बालबालिकाको शारीरिक, मानसिक विकासमा नकारात्मक असर नपर्ने गरी उनीहरुको सामाजिकीकरण गर्न, सीपहरु सिक्न सिकाउनका लागि तथा बाल अधिकारको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्धालयमा गराईने काम बालश्रम होईन यस्ता कामहरुले बाल अधिकारसम्वन्धी कुनै पनि अन्तराष्ट्रिय कानुनहरुले सुनिश्चित गरेका अधिकारहरुमाथि हस्ताक्षेप गर्दैनन् ।साथै यस्ता कामले बालबालिकालाई आघात नपारी बरु उनीहरुमा जीवनउपयोगी सीपहरुको विकास हुन्छ।

३)घरेलु बालश्रम केलाई भन्ने ?

कानुनद्वारा मान्यता प्राप्त काम गर्ने उमेर नपुगेका बालबालिकाहरु नियमित रुपमा तलब लिएर वा नलिईकन पनि आफ्नो परिवारबाहेक अरु कुनै व्यक्तिको घरेलु काम धन्दामा संलग्न हुने कार्यलाई नै घरेलु बालश्रम भनिन्छ।यसभित्र घर सफा गर्ने, खाना पकाउने,भाँडा माज्ने वा मिलाउने धुने, घरका बालबालिकाको हेरचाह गर्ने तथा विद्यालय पुर्याउने र ल्याउने आदि पर्दछन् ।

४)संवैधानिक ब्यवस्था

**वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे**

**बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण**

धारा २९ शोषण विरुद्धको हकः कसैलाई पनि वेचविखन गर्न, दास वा वाधा बनाउन इच्छा विरुद्ध काममा लगाउन पाइने छैन

धारा ३९ बालबालिकाको हकः बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन, सेना प्रहरी वा सशस्त्र समुहमा भर्ना वा प्रयोग गर्न कुनै प्रकारको दुर्व्यवहार गर्न वा अनुचित प्रयोग गर्न पाईने छैन

ख)कानुनी व्यवस्था

बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६

कमैयाश्रम निशेध गर्ने ऐन २०५८

बालबालिका सम्वन्धी ऐन २०७५

१८ वर्ष मुनिका बालबालिकाहरुलाई कुनै पनि किसिमको श्रममा संलग्न गराउन पाईने छैन, गराएमा ३ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय। बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन। कसैले पनि बालबालिकालाई ललाईफकाई झुक्याई डर त्रास, प्रलोभन दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छाविरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन । ईच्छा विपरित काममा लगाएमा १ वर्षसम्म कैद वा रु ५०,०००/- सम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

गनीति. तथा कार्यक्रमसम्वन्धी व्यवस्थाहरुः

अदिगो विकास लक्ष्य.

- दिगो विकास लक्ष्य ८ को परिमाणात्मक लक्ष्य ८.७ मा निकृष्ठ स्वरुपको बालश्रमको निषेध त अन्त्यगर्ने वाध्यकारी श्रमको अन्त्य गर्न विषय उल्लेख भएको छ।
- दिगो विकास लक्ष्य १६ को परिणात्मक लक्ष्य १६ २ मा बाल दुराचार, बाल शोषण, तस्करी, वेचविखन र बालबालिका माथिको यातना तथा सबै प्रकारको हिंसा समाप्त गर्ने विषय उल्लेख भएको ।

आ.१५औ आवधिक योजना (२०७६/०७७ देखि २०८०/०८१)

- विकासका क्षेत्रगत भुमिका अन्तर्गत निजी क्षेत्रले बालश्रम निवारणका लागि सहभागि एवम् संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने।
- बालश्रमको अवस्था विद्यमान रहनुलाई प्रमुख समस्या र चुनौतिको रुपमा पहिचान गरिएको छ।
- राज्यले सबै प्रकारका बालश्रमको अन्त्य गर्ने आवश्यक व्यवस्था गर्ने ।

इ. बालश्रम निवारणसम्वन्धी राष्ट्रिय गुरु योजना (२०७५-२०८५)

- नेपालबाट सबैप्रकारका बालश्रम पूर्ण रुपमा निवारण गरी मुलुकलाई बालश्रम मुक्त बनाउने ।नागरिक राजनीतिक अधिकार सम्वन्धी अभिसन्धि १९६६ आर्थिक सामाजिक साँस्कृतिक अधिकार सम्वन्धी अभिसन्धी १९६६ बाध्यकारी श्रमसम्वन्धी आईएलओ महासन्धी २९

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे

## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

बालअधिकार महासन्धि १९८९ श्रममा प्रवेश गर्ने न्यूनतम उमेरसम्बन्धी आईएलओ महासन्धि १३८ निकृष्ट प्रकारको बाल श्रम उन्मुलन गर्ने आईएलओ महासन्धि १८२ले पनी बालश्रम प्रयोगलाई पुर्णतया निषेध गरेका छन्।

### बाल श्रमको प्रयोग किन किन गर्नु हुदैन ?

- बालश्रमको प्रयोग गर्दा बालबालिकाहरुको जीवन खतरामा पर्छ नै साथै रोजगारदाता तथा सम्पूर्ण समाज पनि जोखिमपूर्ण परिस्थितिमा धकेलिन्छ। बालश्रम प्रयोग गर्दा धेरै नकरात्मक असरहरु पर्न सक्छन्।

### बाल श्रमिकको प्रयोग गर्ने व्यक्तीहरुका लागि जोखिमहरु:

- बालश्रम कानुनी रुपमा दण्डनीय छ।त्यसैले कुनै पनि समयमा बाल श्रम प्रयोग गर्ने ब्यक्तिलाई सरकारले कानुनी कारबाही गर्न सक्दछ।यसरी कानुनी कारबाहीमा पर्नु व्यक्तिको सामाजिक इज्जत, प्रतिष्ठा गुम्नु पनि हो ।
- बाल श्रमिक प्रयोग गर्नेहरुलाई ५० हजार रुपैयाँसम्मको जरिवाना हुन सक्छ।यसले सम्वन्धित ब्यक्तिको लागि ठूलो आर्थिक हानी पुर्याउँछ ।
- बालश्रम प्रयोग गरेको अवस्थामा परिवारभित्रैका सदस्य तथा आफन्त वा छिमेकीहरुबाट पनि श्रमिक बालबालिकाहरुमाथि दुरब्यवहार हुन सक्छ,यस्तो अवस्थामा रोजगारदाता पनि कानुनी समस्यामा पर्न सक्छन् ।
- श्रममा संलग्न भएका बालबालिकाहरु केहि कारणवश हराए भनेपनी दोष रोजगारदातामाथि आईलाग्न सक्छ र कानुनी झन्झतमा पर्न सकिन्छ।

### बालश्रम प्रयोगगर्ने समाजकालागि जोखिमहरु:

१बाल श्रम आधुनिक सामजिक सभ्यतमा कलंक हो। बालश्रमिक भएका समाज र . देशलाई मानिसहरु असभ्य तथ गर्दछन्। अबिकसित समाजको रुपमा समाजका महत्वपूर्ण साझेदार बालबालिकाहरुमाथि दुरव्यवहार.२,शोषण र हिंसाको संख्यामा बृद्धि हुन जान्छ। समाजमा निरक्षरता, अशिक्षा, गरिबी, तथा द्वन्द र अपराधिक घटनाहरु कायम रहन सक्छ।

बालबालिकाको कम ज्यालमा रोजगारीमा संलग्नताले वयस्कहरुको रोजगारीको अवसर .३ खोसिने र बेरोजगारको संख्यामा वृद्धि भई आर्थिक प्रगति कमजोर हुन्छ।

### ४गाउँपालिका निर्माण गर्न बालश्रममुक्त. हाम्रो भूमिका:

#### गाउँपालिकाले गर्ने कार्यहरु

- बालश्रमीकहरुलाई लक्षित गरि मनोपरामर्श कार्यक्रम तथा बालश्रमीकहरुका अभिभावकहरुसँगको अन्तर्किया
- बालश्रम निवारणलाई सहयोग गर्ने ब्रोसर र होडिङ बोर्ड निर्माण तथा प्रचार प्रसार
- विद्यालय भर्नाअभियान कार्यक्रम

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे
## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

- सम्वन्धित सरोकारवाला निकायसँगको छलफल बालश्रमीक तथा अति विपन्न परिवारको बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम बालश्रम बिरुद्ध सक्रिय संभ संस्था, व्यवसायी तथा व्यक्तिहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम
- बालश्रमीकका परिवारलाई सिपमुलक तालिम
- बालसंरक्षण कोष स्थापना र सञ्चालन गर्ने ।
- बालबालिकाको अवस्था तयार पार्ने, प्रमुख समस्याहरु पहिचान गर्ने र सम्वोधनका लागि कार्ययोजना बनाउने ।
- बाल अधिकार संरक्षण तथा संवर्द्धनका लागि सचेतना, क्षमता बिकास, अनुगमन कार्यक्रमहरु सञ्चालन गर्ने ।
- जोखिममा रहेका बालबालिकाहरुको संरक्षणका लागि सामाजिक संरक्षणका कार्यक्रमहरु लागि गर्ने ।
- बालश्रममा गएका बालबालिकाको पहिचान गरी पारिवारिक पुनर्मिलन, पुनर्स्थापना कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय, व्यवसाय, सार्वजनिक सेवा प्रदायकहरुमा बालसंरक्षण नीति तथा आचर सहिता बनाई लागु गर्ने गराउने ।

तपाईको जिम्मेवारी के ?

- कुनै पनि बालबालिकालाई कानुन विपरित श्रममा संलग्न नगराउने,
- हरेक बालबालिकालाई विद्यालय भर्ना गरी विद्यालय नियमित पठाउने,
- कहिकतै बालश्रमिक भएको कसैले थाहा पाएमा गाउँपालिकामा जानकारी दिने,
- बालबालिका उमेर समुहका विद्यार्थिहरुलाई घरपरिवार तथा विद्यालयमा शारीरिक तथा मानसिक दुर्व्यवहार नगर्ने।

कार्यक्रमको प्रस्तुतिकरण पछि वडा समितिका प्रतिनिधि, कार्यक्रममा उपस्थित सम्पूर्ण सरोकारवालाहरुलाई गाउँपालिकाका उपाअध्यक्षले प्रतिवद्धता पत्र बाचन गरेर सुनाउने र सम्पूर्णले भन्ने गरेर वडाको प्रतिवद्धतामा हस्ताक्षर गरि बालश्रम मुक्त वडा घोषणा अभियानमा ऐकिवद्धता जनाउने कार्य सम्पन्न गरियो।

यस कार्यक्रममा वडाका जनप्रतिनिधि, विषय गत शाखाका प्रमुख एवं आमन्त्रीत सरोकारवाला निकाय, बिद्यालयका प्र.अ, अमासमुहका अध्यक्ष, टोलसुधार समितिका संयोजक, उद्योगी, ब्यापारी, यूवाक्लब, बालक्लव, लगाएतका ब्यक्तीहरुको उपस्थिति रहेको थियो ।

बिपन्न परिवारका १९ जना बालबालिकाहरुलाई शैक्षिक सामाग्री झोला, ड्रेस, प्रदान गरिएको थियो।स्वयम् उपस्थित हुन नसकेका बालबालिकाको हकमा परिवारको सदस्यहरु उपस्थित हुन सक्ने गरि खबर गरिएको थियो ।सोही बमोजिम परिवारका सदस्यहरु पनि उपस्थित भएका थिए । उनीहरुलाई पनी थप परामर्श गरिएको थियो।

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे
## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

माथिको छलफल सकेपछि  वडाका सरोकारवाल ब्यक्तीहरुलाई बालश्रमको बारेमा आफुलाई मनमा लागेको कुरा राख्नकोलागि बिद्यालयका प्रधानाध्यापक, यूवाक्लवका अध्यक्ष, बालक्लव र वालसञ्जालका प्रतिनिधिले मन्तब्य राख्नु भएको थियो। त्यस्तै गरी अन्नपूर्ण गाउँपालिकाका प्रशासकीय अधिकृत एवं बालकल्याण अधिकारी भगवती खड्का कटुवालले समग्र बालबालिकाको हकहितको लागि बालमैत्री स्थानीय शासन अवलम्वन गर्नको लागि स्थानीय तहले बालबालिकाको क्षेत्रमा लगानी गरेको र आगामी २०८२-चैत्र मसान्त सम्ममा बालमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यक्रमलाई सहयोग गर्ने सूचक मध्येको  बालश्रम पनी एउटा रहेको हुनाले यसको निवारण गर्नलाई सबैले आ'फ्नो क्षेत्रबाट सहयोग गर्नु पर्ने बिषयमा जोड दिई आफ्नो मन्तब्य दिनुभएको थियो। त्यस्तै गरी बालश्रमको बारेमा जानकारी गराउँदै गाउँपालिकाका प्रमुख अविभावक एवं उपाध्यक्ष दिवाकुमारी तिलजा ज्यूले आफ्ना भनाईहरु राख्नु भएको थियो । अन्त्यमा अध्यक्षता ग्रहण गर्नु भएका वडाका वडा अध्यक्ष ज्यूको मन्तब्य सहित यस कार्यक्रमको बिधिवत रुपमा समापन गर्नु भएको थियो ।

### लाभान्वित बिद्यार्थि संख्याः

| क्र.स | वडा नं | उपस्थित बिद्यार्थिहरु | | | जम्मा |
|---|---|---|---|---|---|
| | | बा/क्षे | जनजाती | दलित | |
| १ | वडा नं ७ | ० | ११ | १ | १२ |
| २ | वडा नं ८ | ० | ७ | ० | ७ |
| | **जम्मा** | **०** | **१८** | **१** | **१९** |

### कार्यक्रममा संलग्न जनशक्ति

यस कार्यक्रम सञ्चालनको लागि अन्नपूर्न गाउँपालिकाका प्रशासकीय अधिकृत १जना रोजगागार सेवा केन्द्रका रोजगार संयोजक १ जना गरि जम्मा २ जनालाई  तोकिएको थियो जसमा यस कार्यक्रमलाई थप सहयोग र सहजीकरणको लागि अन्नपूर्ण गाउँपालिका उपाध्यक्षज्यू उक्त कार्यकममा अभिभावकको रुपमा उपस्थित हुनुभएका थियो ।

### कार्यक्रमको सबल पक्ष

यस बालश्रम मुक्त वडा घोषणाका लागि अभिमुखीकरण तथा प्रतिवद्धता कार्यक्रममा उपस्थित भएका वडा समितिका प्रतिनिधि, आमासमुह, बालक्लब, बालसञ्जाल , युवाक्लव, टोलसंयोजक, विद्यालयका प्र.अ बिद्यालयका ब्यवस्थापन समितिका अध्यक्ष, संघ संस्था, होटेल ब्यवसायी

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे
## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

सबैको सक्रिय सहभागिता रहेको थियो बालश्रम मुक्त वडा घोषणा गर्नको लागि प्रदशनी बिधिमार्फत भएका छलफलका सबल पक्ष निम्न प्रकारका थिए ।कार्यक्रममा सहभागि भएका अभिभावकहरुले निकै उत्साहाजनक उपस्थिति देखाउँदै हरेक वडामा सञ्चालन भएको कार्यक्रमलाई अन्तरक्रियात्मक बना०उनु भएको थियो ।प्रशिक्षक र सहभागिको दोहोर छलफलको माध्यम बाट अभिमुखिकरण कार्यक्रममा दुवै पक्षको साझा बुझाई सिर्जना भएको थियो ।यस कार्यक्रम सञ्चालनको लागि वडा कार्यालय, विद्यालय, र अन्य सरोकारवाला निकायहरुले महत्वपूर्ण भुमिका निभाएका थिए।बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अन्नपूर्ण गाउँपालिका प्रत्येक वडा कार्यालयले बालश्रम नगर्ने नगराउने यदी कतै बालश्रमीक भेटीएमा समुदायमा आधारीत पुनरस्थापना पद्धती अपनाउने छौ भनी सामुहिक प्रतिवद्धता जाहेर गरि हस्ताक्षर समेत गराईएको थियो ।

**बालश्रममुक्त वडा घोषणाका लागि प्रतिवद्धता तथा अभिमुखिकरण कार्यक्रमको आर्थीक प्रगतीको तुलनात्मक तालिका**

**बिनियोजित बजेट रू:-१४१४९०.००**
**बास्तबिक खर्च रकम रू:- १२१२२७.२४**
**खर्च (घटी/बढी)- (घटी) २०२६२.७६**

| क्र.सं | बिबरण | बिनियोजित रकम | बास्तबिक खर्च | कर लाग्ने मूल्य | कर कट्टी | | खुद भूक्तानी | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १५% | १.५% | | | |
| १ | कापि | १२५४०.०० | ११४००.०० | ११४००.०० | | १७१.०० | ११२२९.०० | -११४०.०० | |
| २ | कलम | ५७००.०० | ४५६०.०० | ४५६०.०० | | ६८.४० | ४४९१.६० | -११४०.०० | |
| ३ | झोला | २४७००.०० | २६८३७.५० | २३७५०.०० | | ३५६.२५ | २६४८१.२५ | २१३७.५० | |
| ४ | पोशाक | १९०००.०० | १८९१६.२० | १६७४०.०० | | २५१.१० | १८६६५.१० | -८३.८० | |
| ५ | होडिङ बोर्ड फिटिङ्ग सहित | २०४००.०० | १८०००.०० | १८०००.०० | | २७०.०० | १७७३०.०० | -२४००.०० | |
| ६ | ब्रोसर | ३७५०.०० | ३०००.०० | ३०००.०० | | ४५.०० | २९५५.०० | -७५०.०० | |
| ७ | खाजा | १६०००.०० | १४२००.०० | १४२००.०० | | २१३.०० | १३९८७.०० | -१८००.०० | |
| ८ | भ्रमण खर्च | २०८००.०० | १३५३३.५४ | | | | १३५३३.५४ | -७२६६.४६ | |
| ९ | स्टेसनरी | ५६००.०० | ४०००.०० | ४०००.०० | | ६०.०० | ३९४०.०० | -१६००.०० | |
| १० | अनुगमन | ५०००.०० | ५०००.०० | ५०००.०० | ७५०.०० | | ४२५०.०० | ०.०० | |

## वडा नं ७ हिस्तान र वडा नं ८ राम्चे
## बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि अभिमुखिकरण

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | प्रस्तावना तथा प्रतिबेदन लेखन | ३०००.०० | १५००.०० | १५००.०० | २२५.०० | | १२७५.०० | -१५००.०० | |
| १२ | बिबिध | ५०००.०० | २८०.०० | २८०.०० | | ४.२० | २७५.८० | -४७२०.०० | |
| | **जम्मा** | **१४१४९०.००** | **१२१२२७.२४** | **१०२४३०.००** | **९७५.००** | **१४३८.९५** | **११८८१३.२९** | **-२०२६२.७६** | |